नेपाल सरकार

गृह मन्त्रालय

**नेपाल प्रहरी प्रधान कार्यालय**

**(मानवश्रोत विकास विभाग, भर्ना छनौट शाखा)**

नक्साल, काठमाण्डौ।

# म्यादी प्रहरी भर्ना सम्बन्धी सूचना !!!

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनको लागि स्वीकृत "म्यादी प्रहरी भर्ना छनौट, नियुक्ति तथा परिचालन सम्बन्धी मापदण्ड, २०७९" अनुसार **म्यादी प्रहरी** भर्ना गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट स्वयम् उपस्थित भई दरखास्त आव्हान गरिन्छ।

**१. पद :-** म्यादी प्रहरी

**२. माग पद संख्या :-** १,१५,००० (एक लाख पन्ध्र हजार) जना।

**३. दरखास्त दिने मिति :-** २०७९/०५/३० गतेदेखि २०७९/०६/०६ गतेसम्म, समय विहान १०:०० बजेदेखि १७:०० बजेसम्म (सार्वजनिक विदाको दिन समेत)।

**४. दरखास्त फाराम पाइने र बुझाउने स्थानहरू :- जिल्ला प्रहरी परिसर (काठमाण्डौ, ललितपुर, भक्तपुर) र जिल्ला प्रहरी कार्यालय (सबै)।**

**५. आवश्यक न्यूनतम योग्यता र प्राथमिकता :-**

| **उमेर हद** | **आवश्यक न्यूनतम योग्यता** | **म्यादी प्रहरी भर्नाको लागि प्राथमिकता** |
|---|---|---|
| दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ५४ वर्ष ननाघेको। | १. नेपाली नागरिक हुनु पर्ने,<br>२. साधारण लेखपढ गर्न जान्ने,<br>३. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,<br>४. राजनैतिक दलको सदस्य नरहेको,<br>५. शारीरिक तथा मानसिक रुपले स्वस्थ रहेको,<br>६. आतंककारी संगठनको सदस्य नरहेको,<br>७. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>८. पुरूषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१-३३ ईन्च, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको,<br>९. गर्भवती नभएको/नरहेको। | १. स्थानीय तह वा प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन २०७४ वा स्थानीय तह निर्वाचन २०७९ को निर्वाचनमा म्यादी प्रहरीको रूपमा भर्ना भई सन्तोषजनक काम गरेका व्यक्तिहरू,<br>२. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालमा कार्यरत रही निवृत्तीभरण वा उपदान प्राप्त पूर्व सुरक्षाकर्मीहरु तथा पूर्व वन रक्षकहरू,<br>३. सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल) मा विभिन्न पदमा २०७९ साल भाद्र महिनासम्म भर्नाको लागि आवेदन दिई शारीरिक तन्दुरूस्ती र स्वास्थ्य परीक्षणमा उत्तीर्ण भई प्रवेश पत्रको प्रतिलिपि पेश गर्ने व्यक्तिहरु,<br>४. विदेशी मित्र राष्ट्रका सुरक्षा निकायहरुमा काम गरी सेवा निवृत्त नेपाली नागरिक। |

**६. सम्पर्क मिति तथा स्थान :-**

- मिति: २०७९/०६/०७ गते।
- स्थान: आवेदन दर्ता गर्ने सम्बन्धित प्रहरी कार्यालयहरू।
- समय: विहान ११:०० बजे।

**७. छनौट सम्बन्धी :-**

- छनौट प्रारम्भ हुने मिति: २०७९/०६/०९ गतेदेखि २०७९/०६/१४ गतेसम्म (सार्वजनिक विदाको दिन बाहेक)।
- अन्तिम नतिजा प्रकाशन मिति: २०७९/०६/२५ गते।
- प्रशिक्षण (तालिम) शुरु हुने मिति: २०७९/०६/३० गतेदेखि २०७९/०७/०८ गतेसम्म (सार्वजनिक विदाको दिन समेत)।

**८. म्यादी प्रहरीको कार्य अवधि :-**

- निर्वाचनमा खटिने म्यादी प्रहरीको कार्य अवधि ४० दिनको हुनेछ।

**९. सेवा तथा सुविधा :-**

- म्यादी प्रहरीको लागि प्रतिदिन रू. ८६९।- (अक्षरेपी आठ सय उनन्सत्तरी मात्र) को दरले ४० दिनसम्मको लागि निजको व्यक्तिगत बैंक खातामा रकम जम्मा गरि दिने गरी जम्मा पारिश्रमिक रू. ३४,७६०।- (अक्षरेपी चौतिस हजार सात सय साठ्ठी मात्र) प्राप्त हुनेछ।
- खाद्यान्न वापत प्रति व्यक्ति एकमुष्ठ रू.७,२००।- (अक्षरेपी सात हजार दुई सय मात्र) हुनेछ भने हिमाली जिल्लामा खटिने म्यादी प्रहरीहरूको हकमा जिल्लाको न्यूनतम राशन दररेट अनुसारको रकम पाउनेछन्।

- तोकिएको पोशाक तथा अन्य सामान खरीद गर्ने गरी प्रति व्यक्ति रु.६,०००।- (अक्षरेपी छ हजार मात्र) एकमुष्ट उपलब्ध हुनेछ भने हिमाली जिल्लामा खटिने म्यादी प्रहरीहरूलाई गाढा निलो रंगको कपडाको ज्याकेट खरिद गर्न प्रति व्यक्ति थप रू.१०००।- (अक्षरेपी एक हजार मात्र) उपलब्ध हुनेछ।
- निर्वाचनको क्रममा खटिने म्यादी प्रहरीहरूलाई खटिएको ठाउँमा आउने र जाने तयारी स्वरूप प्रति म्यादी प्रहरी एकमुष्ट रू.१,०००।- (अक्षरेपी एक हजार मात्र) का दरले तयारी खर्च उपलब्ध हुनेछ भने रू.३००।- (अक्षरेपी तीन सय मात्र) को दरले ४ दिनको लागि खाजा खर्च उपलब्ध हुनेछ।
- अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ।

**मिति:- २०७९/०५/२६ गते।**

**नेपाल प्रहरी प्रधान कार्यालय**
मानवश्रोत विकास विभाग
भर्ना छनौट शाखा
नक्साल, काठमाण्डौ।